बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था
स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा
भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट
मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।
खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म
सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४८६८६२९३१/९७४८६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : १३७ ॥ २०७९ असार ०८ गते बुधबार (22nd Jun 2022 Wednesday) Pratidin National Daily dNo-?÷%÷-

# एमाले र कांग्रेसका कार्यकर्ता भिडन्त गर्न सडकमा



***झापा (प्रस)*।** बुधवारे हटियाका व्यापारीहरुलाई विद्युत महसुलको मिटर दिनुपर्ने मागलाई राजनीतिकरण गरेका नेकपा एमाले र नेपाली कांग्रेसका नेताकार्यकर्ताहरु एकापसमा भिडन्त गर्न सडकमा समेत उत्रिएका छन् । बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईसंग सम्बन्धित रहेको व्यवसायीहरुको सो विषयलाई दुवै पार्टीले राजनीतिकरण गर्दै नगरपालिकामै एकापसमा भिड्न खोजेका हुन् । मंगलबार तेस्रो दिन व्यापारी आन्दोलनको अगुवाई गर्दै बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेसहितको टोली नगरपालिका अगाडि प्रदर्शन गर्न आउँदा एमालेका नेताकार्यकर्ताहरुले प्रतिवाद गर्दै भिड्न खोजेका थिए । नगरपालिका अगाडि व्यापारीहरुले 'व्यापारी एकता जिन्दावाद, विद्युतीय सुलभता उपलब्ध गर, अध्यारोमा बस्न गाह्रो भो ,व्यापारीहरु अनागरिक होइनन् 'जस्ता नारा लगाउँदै नगर प्रमुख प्रसाईविरुद्ध प्रदर्शन गरिरहँदा एमालेका नेताकार्यकर्ताहरुले 'महिला नेतृत्व स्वीकार गर, महिला हिंसा बन्द गर, गुन्डागर्दी चाहिदैन' जस्ता नारा लगाएका थिए । आन्दोलनकारी व्यापारीहरुको नेतृत्व गरिरहेका उद्योग बाणिज्य संघका कुमार भट्टराईलगायतले भिड्न चुनौती दिइरहँदा एमाले एमालेका नेताकार्यकर्ताहरु जाइलाग्न खोजेका थिए । तर, ठूलो संख्यामा रहेका सुरक्षाकर्मीहरुले दुवै पक्षलाई भिड्न रोकेका थिए । त्यहाँ तैनाथ जनपद , सशस्त्र र नगर प्रहरीले संभावित भिडन्त हुनबाट जोगाएका थिए । बाक्लो सुरक्षा उपस्थितिका कारण दुवै पक्षबीच झडप हुन नपाएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी रुगमबहादुर कुँवरले बताए । बिहान ११ बजेदेखि शुरु भएको दुवै पक्षबीचको घम्साघम्सी दिउँसो १ बजेसम्म चलेको थियो । व्यापारी आन्दोलनको नेतृत्व वाणिज्य संघका अध्यक्ष शिवाकोटी , वरिष्ठ उपाध्यक्ष न्यौपाने , कुमार भट्टराई , राधिका चुडाल, जीवन खड्कालगायतले गरेका थिए भने त्यसविरुद्धको एमालेको प्रदर्शनमा प्रदेश सांसद एकराज कार्की , पूर्व सांसद हरिचरण शिवाकोटी ,नगर अध्यक्ष सुवास भट्टराई , नगर सचिव शेखर कँडेल , वडा सभापति इन्द्र प्रसाईलगायत सहभागी थिए । एमालेको प्रतिकारमा स्थानीय तहको निर्वाचनमा निर्वाचित एमालेका जनप्रतिनिधिहरु पनि सामेल भएका थिए ।

व्यापारीहरुलाई मिटर दिनुपर्ने माग सम्बोधन गर्न सोमबार नगरपालिकाले सर्वदलीय बैठक बोलाएको थियो । बैठकमा नगर प्रमुख प्रसाईमाथि दुर्व्यवहार र एमाले अध्यक्ष भट्टराईमाथि हातपातको प्रयास भएको एमालेको आरोप छ । सोमबार सर्वदलीय बैठकका क्रममा शुरु भएको राजनीतिक विवाद मंगलबार सडकसम्म आइपुगेको हो । वाणिज्य संघले मंगलबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म बजार बन्द आव्हान गरेको थियो ।तर , त्यसलाई व्यापारीहरुले अवज्ञा गरेका छन् । यसैबीच चेम्बर अफ कमर्शले बजार बन्द कार्यक्रमप्रति आपत्ति जनाउँदै व्यवसायीहरुको जायज मागलाई सर्वपक्षीय भेलाबाट छलफल गरी नियम र कानुनसम्मत संबोधन गर्न नगरपालिकासंग आग्रह गरेको छ ।

# व्यापारी समस्या समाधानका लागि कार्यदल

***बिर्तामोड (प्रस)*।** बिर्तामोड नगरपालिकाले वडा नम्बर ५ मा रहेको बुधबारे हटिया बजारका बारेमा उत्पन्न समस्या समाधानको लागि कार्यदल गठन गरेको छ । मंगलबार बसेको कार्यपालिका बैठकले कार्यदल र सल्लाहकार समिति गठन गरेको हो । नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको संयोजकत्वमा गठित कार्यदलमा वडा नम्बर ५का वडाध्यक्ष रोहित प्रसाई र पूर्व जनप्रतिनिधि गोपीचन्द्र गिरी सदस्य रहेका छन् । यस्तै पूर्व अनारमनी गाविस अध्यक्ष हर्कलाल गिरीको संयोजकत्वमा पूर्व अनारमनी गाविस उपाध्यक्ष लोकवन्धु कन्दङ्वा र वडा नम्बर ५का पूर्व वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन सदस्य रहनेगरि सल्लाहकार समिति गठन गरिएको छ । समितिले एक महिना भित्रमा प्रतिवेदन बुझाउने गरि निर्णय गरिएको छ ।



कार्यपालिका बैठकले नगरप्रमुख पवित्रा महतारा प्रसाईमाथि भएको अशोभनीय एवं अराजक गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सोमबार कार्यपालिकासहित सर्वदलीय बैठकमा बुधबारे हटियाको विषयमा बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले देखाएको व्यवहारप्रति नगरको ध्यानाकर्षण भएको जनाइएको हो । अव उप्रान्त कतैबाट यस प्रकारका अराजक गतिविधि दोहोरिएमा कानुन अनुसार कार्वाही गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराउने समेत निर्णयमा उल्लेख गरिएको छ ।

यस्तै मंगलबार बसेको कार्यपालिकाको बैठकले राजश्व परामर्श समिति गठन गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम समिति गठन गरिएको हो । नगर उपप्रमुख संग्रौलाको संयोजकत्वमा गठित यस समितिमा वडाध्यक्ष अग्निप्रसाद पाण्डे,रोहित प्रसाई र कार्यपालिका सदस्य सिता ढुङ्गाना विश्वकर्मा सदस्य रहेका छन् । बैठकले विभिन्न ६ वटा विषयगत समिति समेत गठन गरेको छ । जसमा पूर्वाधार विकास समिति,आर्थिक विकास समिति,वातावरण तथा विपद व्यवस्थापन समिति,सामाजिक विकास समिति,विधेयक समिति र सार्वजनिक सेवा तथा क्षमता विकास समिति रहेका छन् । पूर्वाधार विकास समितिको संयोजकमा कार्यपालिका सदस्य जगतबहादुर राजवंशी र सदस्यहरुमा वडाध्यक्ष अजय कार्की,किशोर पौडेल रहेका छन् । यस्तै आर्थिक विकास समितिको संयोजकमा कार्यपालिका सदस्य संगिता सिवा र सदस्यहरुमा वडाध्यक्ष राहुल शर्मा, कार्यपालिका सदस्य सिता ढुङ्गाना विश्वकर्मा चयन भएका छन् । यस्तै वडाध्यक्ष दुर्योधन गुरुङको संयोजकत्वमा वातावरण तथा विपद व्यवस्थापन समिति गठन गरिएको छ । यस समितिको सदस्यहरुमा वडाध्यक्ष रोहित प्रसाई र कृष्णप्रसाद खरेल रहेका छन् । यस्तै कार्यपालिका सदस्य यमुना आचार्यको संयोजकत्वमा सामाजिक विकास समिति गठन गरिएको छ । यस समितिको सदस्यहरुमा कार्यपालिका सदस्य तिला गौतम र निर्मला सुनार रहेका छन् । यस्तै विधेयक समितिको

❖ बाँकी अन्तिम पृष्ठमा

# रविले गरे 'राष्ट्रिय स्वतन्त्र पार्टी' को घोषणा

***झापा (प्रस)*।** पत्रकारिताबाट राजनीतिमा प्रवेश गर्ने घोषणा गरेका रवि लामिछानेले अहिले भएका कुनै पनि राजनीतिक दलमा प्रवेश नगर्ने बताएका छन् ।

मंगलबार राष्ट्रिय सभागृहमा आयोजित एक कार्यक्रममा उनले नयाँ दल निर्माणको घोषणा गरेका हुन् । लामिछानेले 'राष्ट्रिय स्वतन्त्र पार्टी' निर्माणको समेत घोषणा गरेका छन् ।लामिछानेले भनेका छन्, 'अहिले दर्ता भएका कुनै पनि दलमा राजनीतिक दलभित्र राम्रा मान्छे नभएका होइनन् । प्रत्येक दलमा राम्रा मान्छे छन् तिनीहरूको सम्मान गर्नुपर्छ ।' यस्तै उनले आफ्नो पार्टीका धारणा सार्वजनिक गर्दै क्षमता भएका युवाहरूलाई आफ्नो पार्टीमा आवद्ध हुन पनि आह्वान गरेका छन् । साथै ती युवाहरूलाई पार्टीको माथिल्लो तहसम्म पुग्ने अवसर सिर्जना गर्ने उनले बताए । लामिछानेले आफ्नो पार्टीले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको प्रावधान अवलम्वन गर्ने पनि घोषणा गरेका थिए । तर निर्वाचनमा 'राइट टु नो भोट'को व्यवस्था पनि आफ्नो पार्टीको अवधारणा रहेको उनले बताएका थिए ।



# जिसस झापामा एमालेको प्यानलै निर्विरोध



***झापा (प्रस)*।** जिल्ला समन्वय समिति झापामा नेकपा (एमाले) का उम्मेदवार निर्विरोध निर्वाचित भएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय भद्रपुरले भने निर्विरोध निर्वाचित भएको आधिकारिक घोषणा गर्न बाँकी छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मंगलवार जिसस प्रमुख, उपप्रमुख र सात सदस्य पदका लागि मनोनयन दर्ता भएको थियो ।

एमालेका उम्मेदवारले मात्र मनोनयन दर्ता गराएका छन् । जिल्लामा एमाले जनप्रतिनिधिहरूको एकल बहुमत रहेकोले अन्य दलबाट कुनै पनि पदमा उम्मेदवारी दर्ता भएन । एमालेले जिसस प्रमुखमा विश्व बराल र उपप्रमुख शान्ता रोक्कालाई उम्मेदवार बनाएको थियो । त्यस्तै सदस्यहरू देवका बस्याल , तुलसा काफ्ले बराल, जुनु महरा, सन्तोष सोरेन, जलाल अलि, कपिल काफ्ले, रिता नेपाली रहेका छन् ।

अन्य दलबाट मनोनयन दर्ता नभएपछि एमालेका उम्मेदवार स्वतः निर्विरोध निर्वाचित भएका हुन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारी अनुसार मंगलबार मनोनयन दर्ता, बुधबार चुनाव चिन्ह र बिहीबार मतदानसँगै विजयी घोषणा गर्ने कार्यक्रम छ । जिससमा निर्वाचित भएका पदाधिकारीको आधिकारिक घोषणा असार ९ गते हुने जनाइएको छ ।

हार्दिक बधाई




२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट बिर्तामोड नगरपालिकाको नगर प्रमुखमा **पवित्रा महतारा प्रसाई** नगर उपप्रमुखमा **नगेन्द्रप्रसाद संग्रौला**सहित नवनिर्वाचित सम्पूर्ण वडा अध्यक्ष तथा वडा सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।
स्थानीय सरकारमा निर्वाचित तपाईहरुसहित सिंगो टीम जनभावना अनुसार उत्कृष्ट तथा समृद्ध नगर बनाउन सफल रहनुहोस् भनी पाँच वर्षे कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डि.के. गुरुङ : अध्यक्ष  तारामणि श्रेष्ठ : सचिव  शेरबहादुर गुरुङ : कोषाध्यक्ष
एवम् **समस्त भूपू सैनिक संघ परिवार**, बिर्तामोड, झापा

## चेम्बर अफ कमर्श

मिति : २०७९/०३/०७

नेपाल चेम्बर अफ कमर्श नेपालमा व्यवसायीहरुको हक अधिकार सुनिश्चित गराउन स्थापित नेपालको नै पहिलो व्यवसायिक संगठन हो । चेम्बरले २००७ शाल प्रजातन्त्र सुरुवात सगै पन्चायत शासन रहँदा, देशमा गृहयुद्ध चलिरहँदा वा लोकतान्त्रिक गणतन्त्रसम्म आईपुग्दा कुनै पनि अवस्थामा व्यवसायिक हित बिपरित तल रहेर कहि कसैसँग सम्झौता गरेको ईतिहास छैन ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भई स्थानिय सरकारहरु गाउँ गाउँमा बनेको यो अवस्थामा चेम्बरले हाम्रा व्यवसायिक अधिकार र समस्यालाई मध्यनजर गरी चेम्बरलाई देशका प्रत्येक स्थानिय तहसम्म बिस्तार गरि ब्यबसायिक संघर्ष सहज र प्रभाकारि हुदै आएका छन । स्थानिय सरकारहरुसगँ सहकार्य गरि सर्वपक्षिय भेला , संवाद गरेर ब्यबसायिहरुका समस्याहरुको समाधान खोज्न र सहज रुपमा समाधान गर्न सकिने भएकोले आजका दिनमा यो परिस्थितिको बिकास भईसक्दा समेत , नारा जुलुस बन्द हडताल समस्याको सामाधानका उपाय होईनन। दैनिक जनताका समस्यासँग रहेर काम गर्ने स्थानिय निकाय ,सरकारी कार्यलयले आफुसँग सरोकार राख्ने ब्यबसायिका समस्या सुनाई गरि सहज सामाधानका उपाय खोजिनु पर्दछ।राज्यको सम्पत्ति तपाई हामिले तिरेको करबाट जोडिएका साझा सम्पत्ति हुन्। तिनको उपयोग गर्न पाउनु सबैको समान अधिकार हो र संरक्षण गर्नु सबैको दायित्व पनि हो। व्यवसायिक अधिकारका निम्ति संघर्ष गर्ने हेतुले कुनैपनि समयमा बिर्तामोड बजार बन्द गर्ने भनी गरिएको प्रचार प्रति चेम्बर अफ कमर्श झापाको आपत्ति रहन छ र नेपाल चेम्बर ब्यबसाय बन्ध गराई समस्या सामाधान गर्न सकिन्छ भन्ने पक्षमा नरहेको र हाल कोरोना र बिश्व घटनाले थिलथिलो भएको अर्थतन्त्र ,कोभिड १९ पछि सामान्य चलायामान हुदै जटिलमोडमा रहेको अर्थतन्त्र तथा स्थानिय व्यापार व्यवसायलाई उकास्न अब कुनै पनि बहानामा बजार बन्द गरिनु हुँदैन भन्नेमा चेम्बर दृढ संकल्प साथ अघि बढेको छ । बैंक ब्यज ,किस्ता ,लगानिको अभाबका बिच खस्किएको हालको व्यपार ब्यबसायमा आएको जटिल मोडका कारण अब सम्पूर्ण व्यवसायीहरुमा निर्वाद रुपमा व्यवसाय संचालन गर्न पाउने व्यवसायिक अधिकारका लागि चेम्बरले साथ दिने प्रतिबद्धता व्यक्त गर्दछौं।

चुलिएको ब्याज, राज्यका सरोकारवाल निकायले व्यापारीलाई अनावश्क रुपमा दिने दुःख,झन्झटलाई गम्भिर रुपमा चेम्बरले लिएको छ। निश्चित व्यक्तीहरुको स्वार्थ पुर्तीकोलागि गरिने कुनैपनी कार्यमा चेम्बरको समर्थन नरहने कुरामा सदैब दृढ रहनेकुरा स्पस्ट छ । कृषिथोक बजारका व्यवसायीहरुको जायज मागहरु सर्वपक्षिय भेलाबाट छलफल गरि नियम , कानून संगत सम्बोधन गरियोस् भनी बिर्तामोड नगरपालिकासगँ जोडदार माग गर्दछौं ।यसका लागि स्थानिय सरकार पिडत पक्षका प्रतिनिधि , ब्यबसायि नेतृत्व साथै राजनैतिक दलहरु बिच गहन छलफल गरि दिर्घकालिन समाधान गर्न चेम्बर अफ कमर्शको हार्दिक अनुरोध गर्दछ ।

CHAMBER OF COMMERCE JHAPA 2074

# एसइई नतिजा असार मसान्तभित्र सार्वजनिक गरिने

*झापा (प्रस)* । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा यही असार मसान्तभित्र सार्वजनिक गर्ने तयारी गरेको छ ।



यसका लागि बोर्डले तीव्रताका साथ आवश्यक काम गरिरहेको जनाएको छ । बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले यसपटक एसइईको नतिजा समयमै सार्वजनिक गर्नका लागि आवश्यक कार्य तीव्ररूपमा भइरहेको जानकारी दिँदै प्राविधिक रूपमा समस्या नआए असार ३२ गतेभित्र नतिजा सार्वजनिक गर्ने गरी काम भइरहेको बताए । राष्ट्रिय परीक्षा बोर्ड एसइई (कक्षा १०)का परीक्षा नियन्त्रक अर्जुन रायमाझीले असार ३२ गते एसइई परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरेको जानकारी दिए । अहिले उत्तर पुस्तिका परीक्षणको काम सम्पन्न गरी संपरीक्षणको कामसमेत अन्तिम चरणमा पुगेको जानकारी दिँदै उनले कम्प्युटर इन्ट्री गर्ने, रुजु गर्नेलगायतका काम भइरहेको बताए । 'सम्पूर्ण काम सकेर असार मसान्तभित्र नतिजा सार्वजनिक गरिने तयारीमा छौँ' उनले भने । कार्यालयले असार २० सम्ममा प्राप्ताङ्क इन्ट्री गर्ने, २१ र २२ मा मिस म्याच गर्ने र २३ देखि २९ गतेसम्म टेबुलेसन गर्ने र ३२ मा नतिजा सार्वजनिक गर्ने गरी कार्ययोजना बनाएर काम भइरहेको जनाएको छ । यसअघि चार महिनामा सार्वजनिक हुँदै आएको परीक्षाफल यस वर्ष करिब दुई महिनामै सार्वजनिक गर्ने गरी काम भइरहेको परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिए । कोरोनाका कारण दुई वर्ष आन्तरिक मूल्याङ्कनबाट नतिजा सार्वजनिक भए पनि दुई वर्षपछि बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमै गत वैशाख ९ देखि २० गतेसम्म परीक्षा सञ्चालन गरेको थियो । दुई हजार सात परीक्षा केन्द्रबाट ११ हजार ६१५ विद्यालयका दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र गरी पाँच लाख १४ हजार ९७७ परीक्षार्थीले परीक्षा दिएको परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिए ।

## व्यापारी...

संयोजकमा शर्मिला राजवंशी र सदस्यहरुमा वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा,मदन बुढाथोकी रहेका छन् । यसैगरी सार्वजनिक सेवा तथा क्षमता विकास समितिको संयोजकमा कार्यपालिका सदस्य लक्षिमा खतिवडा र सदस्यमा वडाध्यक्ष हरिप्रसाद चौलागाई,निर्मला सुनार चयन भएका छन् । बैठकले बिर्तामोडको मुक्तिचोक र दक्षिण भद्रपुर सडक खण्डको ग्रीनवेल्ट एरियाको सरसफाई प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत अमानतबाट सञ्चालन गर्ने पनि निर्णय गरेको जनाइएको छ ।

# साइकल चोरी गर्ने दुईजना पक्राउ



*झापा (प्रस)* । झापाको भद्रपुर नगरपालिकामा साइकल चोरी गर्ने दुईजना ४ थान साइकलसहित पक्राउ परेका छन् ।

भद्रपुर नगरपालिकाको विभिन्न स्थानमा पार्किङ गरिराखेको साइकलहरु चोरी भइरहेको भन्ने सूचनाको आधारमा चोरी गर्ने ब्यक्तिहरुको सुक्ष्म रुपले निगरानी तथा पहिचान गर्दै जाँदा असार ३ गते भद्रपुर नगरपालिका वडा नं.९ देवकोटा चोक बस्ने ३९ वर्षिय उदय दाहाल साइकल चोरी गरिरहेको अवस्थामा फेला परेका थिए । उनलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा २ थान गियरवाला साइकल, १ थान लेडीज गरी ३ थान साइकलहरु चोरी गरी बिभिन्न स्थानमा लुकाई राखेको भनी खुलाएपछि असार ६ गते भद्रपुर ८ बस्ने १९ वर्षिय पेन्टा भन्ने लालदेव महतोले सोही ठाउँ बस्ने सोमराज थापाको गियरवाला साइकल चोरी गरी बिक्री गर्ने उद्धेश्यले भारततर्फ लैजादै गर्दा नेपाल भारत सिमाना मेची पुलमा फेला पारी पक्राउ गरिएको थियो ।

नियन्त्रणमा लिएको २ जना र ४ थान साइकल जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


## बिमालेख हराएको सूचना

बिर्तामोड नगरपालिका-४ निवासी मोहनप्रसाद खरेलको नाममा रहेको २०२०१६९८४ नम्बरको नेपाल लाईफ ईन्सुरेन्सको बिमालेख २०७९/०१/२० गते बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा हराएको हुँदा भेटनुहुने महानुभावले नजिकको प्रहरी चौकी तथा तलको ठेगानामा सम्पर्क गर्नु होला ।

**नाम : मोहनप्रसाद खरेल**
**बिर्तामोड-४ , झापा**
**मो.नं : ९८१५०८७६४०**

## लामखुट्टेको लार्भा नष्ट गर्ने बारे सूचना

**बिर्तामोड नगरपालिका क्षेत्रभित्र डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान असार ४ गते शनिबारदेखि सुरु भएको हुनाले खटी आउनुहुने विषादी छर्किने प्राविधिकहरुलाई आवश्यक सहयोग गरिदिनु हुन सम्पूर्ण नगरबासीमा अनुरोध छ ।**

### विषादी छर्किने मिति तथा स्थान

| मिति | वडा नम्बर |
|---|---|
| असार ४ र ५ गते | १ |
| असार ६ र ७ गते | ५ |
| असार ८ र ९ गते | ३ |
| असार १० र ११ गते | ४ |
| असार १२ गते | २ |
| असार १३ गते | ६ |
| असार १४ गते | ७ |
| असार १५ गते | ८ |
| असार १६ गते | ९ |
| असार १७ गते | १० |

### विषादि छर्किएपछि ध्यान दिनुपर्ने कुरा

- **विषादि छर्किएको ठाउँमा रहेका फलफूल तथा तरकारी ७ दिनसम्म प्रयोग गर्न नहुने र त्यसपछि पनि १४ दिनसम्म काँचै खान नमिल्ने, राम्रोसँग पकाएर मात्रै खानुपर्ने ।**

**नोट : एकपटक छर्किएको विषादीले ३ महिनासम्म प्रभावकारी रुपमा काम गर्नेछ ।**

स्वास्थ्य शाखा
बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

## पखालाबाट बचौं र बचाऔं ।

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ झापा जिल्ला,कनकाई न.पा. वार्ड नं.- १ मा बस्ने जय नारायण कोईरालाका नाति, रवि लाल कोईराला का छोरा ज्ञान प्रसाद कोईराला ना.प्र.न. ०२ /१८२८/१३११ जारी मिति २०४१/१२/०५, पाँचथरको मिति २०७९/०१/३१ गते मृत्यु भएकोले निजका नाममा यस बैंकको शाखा कार्यालय दुर्गापुरमा रहेको खाता नं.०२८१०१००१२१६०६००००१ संग सम्बन्धित खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतककी श्रीमती पूर्णकला काईरालाले मिति २०७९/०२/२७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, दुर्गापुर
फोन नं. ०२३-४०११२७, ४०११२६

## नेपाल सरकार
### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
### गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### १ नं. प्रदेशको
### १५ दिने सूचना

सधियार पश्चिमः श्री छवि सापकोटा दक्षिणः नेत्र प्रसाद पौडेल को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री कासिनाथ पौडेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-२ | २ | १७०९ | ३३८.६४ | २०७८/१०/२७ | २०७८/१०/२७ | २०७९/०३/०६ |


## हार्दिक कृतज्ञता सहित धन्यवाद



चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समितिको निर्वाचनमा प्रजातान्त्रिक समूहका तर्फबाट सहसचिव पदमा मलाई ९१३ सम्मानजनक मत प्रदान गर्नुहुने उपभोक्ता मतदाता, शुभेच्छुक ,सहयोगी , निर्वाचन समितिलगायत सम्पूर्णमा हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत यहाँहरुको सहयोग र सद्भावको अपेक्षासहित कृतज्ञता व्यक्त गर्दछु ।

**महेन्द्र कोईराला**
सहसचिवका उम्मेदवार
**चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति**
चन्द्रगढी, झापा

## हार्दिक बधाई तथा शुभकामना




२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको मत परिणाम अनुसार मेचीनगर नगरपालिकाका नगर प्रमुखमा **गोपालचन्द्र बुढाथोकी,** अर्जुनधारा नगरपालिकाका नगर प्रमुखमा **बलदेव सिंह गोम्देन,** कन्काई नगरपालिकाका नगर प्रमुखमा **राजेन्द्रकुमार पोखरेल,** भद्रपुर नगरपालिकाका नगर प्रमुखमा **गणेश पोखरेल,** दमक नगरपालिकाका नगर प्रमुखमा **रामकुमार थापा** र बुद्धशान्ति गाउँपालिकाको अध्यक्षमा **मनोज प्रसाई**, बाह्रदशी गाउँपालिकाका अध्यक्ष **देवेन्द्र चौलागाई,** हल्दिबारी गाउँपालिकाका अध्यक्ष **रवीन्द्र लिङ्देन** तथा झापा गाउँपालिकाका अध्यक्ष **जयनारायण साह** निर्वाचित हुनुभएकोमा सहर्ष हार्दिक बधाई ज्ञापन गर्दछौं ।
स्थानीय सरकारमा निर्वाचित सम्पूर्ण उप-प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरुसहित सिंगो टीम जनभावना अनुसार उत्कृष्ट तथा समृद्ध नगर बनाउन सफल रहनुहोस् भनी पाँच वर्षे कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**डि के गुरुङ्ग : अध्यक्ष** **तारामणि श्रेष्ठ : सचिव** **शेरबहादुर गुरुङ्ग : कोषाध्यक्ष**

एवम् **समस्त भूपू सैनिक संघ परिवार** बिर्तामोड, झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

# नेपालमा पेट्रोलको मूल्य दक्षिण एसियामै सबैभन्दा महँगो

*झापा (प्रस)* । नेपालमा पेट्रोलियम पदार्थको मूल्य दक्षिण एसियामै महँगो भएको छ ।

नेपाल आयल निगमले सोमबारदेखि पेट्रोलको मूल्य प्रतिलिटर एक सय ९९ रुपैयाँ ९१.५९ डलर र डिजेल प्रतिलिटर एक सय ९२ रुपैयाँ ९१.५३ डलर पुऱ्याएको छ । पेट्रोलियम महँगो बेच्नेमा नेपाल एसियामा २८औँ र विश्वमा ८२ औँ स्थानमा छ । दक्षिण एसियामा नेपालपछि भुटानमा पेट्रोलियम महँगो छ । त्यहाँ पेट्रोल प्रतिलिटर १.३८ डलर र डिजेल १.२१ डलर छ । भुटानको भन्दा नेपालमा पेट्रोल प्रतिलिटर २६ रुपैयाँ र डिजेल ४० रुपैयाँ महँगो छ । श्रीलंकामा पेट्रोल प्रतिलिटर १.२६ डलर (एक सय ५८ रुपैयाँ)र डिजेल १.१२ डलर (एक सय ४० रुपैयाँ) छ । त्यस्तै, पाकिस्तानमा पेट्रोल प्रतिलिटर १.११ डलर (एक सय ३९ रुपैयाँ) र डिजेल १.२५ डलर (एक सय ५७ रुपैयाँ) छ । केही दिन अघिसम्म नेपालको भन्दा महँगो मूल्य रहेको भारत पनि अहिले चौथो नम्बरमा छ । नयाँदिल्लीमा पेट्रोल प्रतिलिटर १.२४ डलर (एक सय ५६ रुपैयाँ) र डिजेल १.१५ डलर (एक सय ४४ रुपैयाँ) पुगेको छ । दक्षिण एसियामा माल्दिभ्समा पेट्रोलियमको भाउ सबैभन्दा सस्तो छ । माल्दिभ्समा अहिले पेट्रोल प्रतिलिटर ०.९५ डलर (एक सय १९ रुपैयाँ) र डिजेल ०.९६४ डलर (एक सय २१ रुपैयाँ) कायम छ । बंगलादेशमा प्रतिलिटर ०.९५ डलर (एक सय १९ रुपैयाँ) र डिजेल ०.८५२ डलर (एक सय सात रुपैयाँ) कायम छ । त्यस्तै, अफगानिस्तानमा ०.९५५ डलर (एक सय २० रुपैयाँ) र डिजेल १.१२४ डलर (एक सय ४१ रुपैयाँ) कायम छ ।

पेट्रोलियम पदार्थ महँगोमा बेच्नेमा नेपाल एसियामा २८औँ र विश्वमा ८२औँ स्थानमा छ । विश्वमा पेट्रोलको औसत मूल्य प्रतिलिटर एक सय ८० र डिजेल एक सय ७२ रुपैयाँ हाराहारी छ । संसारभर भेनेजुएलामा पेट्रोलको मूल्य सबैभन्दा सस्तो छ । त्यहाँ पेट्रोल र डिजेल दुवैको मूल्य प्रतिलिटर ०.०२२ डलर अर्थात् दुई रुपैयाँ ७५ पैसा छ । डिजेल भने भेनेजुएलाभन्दा इरानमा सस्तो छ । ग्लोबल पेट्रोल प्राइसडटकमका अनुसार इरानमा डिजेलको मूल्य अहिले प्रतिलिटर दुई रुपैयाँभन्दा कम पर्न आउँछ । पेट्रोलियम सस्तोमा बेच्नेमा भेनेजुएलापछि लिबिया र इरान छन् । लिबियामा पेट्रोल र डिजेल दुवै प्रतिलिटर ०.०३१ डलर (चार रुपैयाँ)छ । त्यस्तै, इरानमा पेट्रोल प्रतिलिटर ०.०५३ डलर (सात रुपैयाँ)र डिजेल प्रतिलिटर ०.०११ डलर (एक रुपैयाँ ३८ पैसा)छ । पेट्रोलियम पदार्थको भाउ सबैभन्दा महँगो हङकङमा छ । त्यहाँ अहिले पेट्रोल प्रतिलिटर २.९९९ डलर (तीन सय ७५ रुपैयाँ) र डिजेल २.७७१ डलर (तीन सय ४७ रुपैयाँ) छ ।

अब ग्यासमा दुईथरी मूल्य तोकिने

नेपाल आयल निगमले घरायसी र औद्योगिक प्रयोजनका लागि प्रयोग हुने ग्यासमा असारभित्रै छुट्टाछुट्टै मूल्य तोक्ने भएको छ । औद्योगिक प्रयोजनमा परल मूल्यमा जाने र घरायसी प्रयोजनमा सहुलियत दिन सकिने सम्बन्धमा अध्ययन गर्न गुणस्तर तथा नापतौल विभागका महानिर्देशक नेतृत्वमा टोली गठन भएको निगमका कार्यकारी निर्देशक उमेश थामीले बताए । 'गुणस्तर विभागबाट प्रतिवेदन आएपछि हामी यही आवभित्र छुट्टाछुट्टै मूल्य निर्धारण गरेर लागू गर्छौं,' उनले भने । औद्योगिक र घरायसी प्रयोजनका ग्यास सिलिन्डरको साइज र रङ नै फरक हुने उनले बताए ।

# बलात्कार मुद्दामा हदम्याद हटाउन संशोधन प्रस्ताव



*झापा (प्रस)* । बलात्कार मुद्दामा हदम्याद हटाउन सांसदहरुले संशोधन प्रस्ताव दर्ता गरेका छन् । सत्ताधारी नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापासहित काँग्रेसका १३ जना र बिन्दा पाण्डेसहित प्रमुख प्रतिपक्ष एमालेका ८ जना सांसदले बलात्कारसम्बन्धी प्रचलित हदम्यादसम्बन्धी कानुनी व्यवस्थालाई हटाउने गरी कानुनी व्यवस्था गर्न संशोधन प्रस्ताव दर्ता गरेका हुन् । मूल ऐनको दफा २२९ मा संशोधन गरी जबरजस्ती करणीजस्तो जघन्य अपराधको हकमा उजुरीका लागि राखिएको हदम्यादको व्यवस्था हटाउनु पर्ने काँग्रेस सांसदहरूको संशोधन प्रस्तावमा उल्लेख छ । यसअघि दर्ता भएको पाण्डे समूहको प्रस्तावमा पनि सोही आशय व्यक्त गरिएको छ ।

# एमिटीमा उद्घोषण कक्षा

*बिर्तामोड (प्रस)* । बिर्तामोड नगरपालिका ५ मा रहेको एमिटी एजुकेशन फाउण्डेशनमा उद्घोषणसम्बन्धी कक्षा संचालन भएको छ । विद्यार्थीहरुको वाककला र क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले तालिमको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक आर एस ढकालले बताए ।

तालिममा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको सहभागिता रहेको शिक्षक संयोजक टीका ढकालले जानकारी दिए । बालबालिकासंग भएका आन्तरिक क्षमतालाई उजागर गर्न प्रेरित गर्ने उद्धेश्यले कक्षा संचालन गरिएको बालक्लब फोकल पर्सन विधानकृष्ण बस्नेतले बताए । तालिममा संचारकर्मी सरोज पौडेलले सहजीकरण गरिरहेका छन् ।



उदघाटन कार्यक्रममा बोल्दै प्रधानाध्यापक ढकालले विद्यार्थीहरुमा भएको क्षमता उजागर गर्दै चौतर्फी विकासमा विद्यालयले कुनै कसर बाँकी नराख्ने र बालबालिकालाई किताबी ज्ञान मात्र नभएर अतिरिक्त विषयमा अग्रसर गराउन हरेक मंगलबार उद्घोषण कक्षा संचालन गरिएको बताए ।

# पहिरोले ताप्लेजुङको २० परिवार विस्थापित

*झापा (प्रस)* । दिनहुँजसो वर्षाका कारण ताप्लेजुङ सिरिजंगा गाउँपालिका-६ मामांखेका २० परिवार विस्थापित भएका छन् ।

पहिरोमा परी घाइते भएका एकजनालाई उपचारका लागि पाँचथर जिल्ला अस्पताल पुऱ्याइएको छ । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखेलका अनुसार सोमबार बेलुकाको पहिरोमा भाग्ने क्रममा बुद्धिराज लिम्बू घाइते भएका हुन् । लिम्बूसहित दुईजना कुरुवालाई नेपाली सेनाको हेलिकोप्टरबाट फिदिम पुऱ्याइएको हो । विस्थापितलाई सेनाको हेलिकोप्टरले पाल , कम्बल , चामललगायतका खाद्य सामग्री पुऱ्याएको पोखेलले बताए । 'आज यही गाउँपालिका ६ खेवाङको राहत सामग्री लैजानु थियो,' पोखेलले भने, 'हिजो बेलुका मामांखेमा पनि विस्थापित भएपछि एक ट्रिप सामान त्यहाँ झारेका छौं ।' विस्थापित परिवार स्कुल र सुरक्षित ठाउँमा बसेको पोखेलले जानकारी दिए ।



# 'आइतबार विदा हुँदा पेट्रोलको खपत ११ प्रतिशत कम'

*झापा (प्रस)* । नेपाल आयल निगमले जेठ महिनामा आइतबार विदा गर्दा पेट्रोलको खपत ११ प्रतिशतले घटेको जनाएको छ ।

सोमबार इन्धनको मूल्यवृद्धिबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले गत वैशाख महिनाको तुलनामा गत जेठ महिनामा पेट्रोलको खपत ११ प्रतिशतले घटेको जानकारी दिए । चैतमा पेट्रोल खपत ६३ हजार किलोलिटर भएकोमा वैशाखमाकरिब चार हजार किलोलिटर खपत बढेर ६७ हजार किलोलिटर पुगेको जनाइएको छ । जेठमा भने घटेर ५९ हजार किलोलिटरमा झरेको छ । सरकारले इन्धन खपत कम गर्न भन्दै आइतबार पनि सार्वजनिक विदा दिने निर्णय गरेको र सो नियम जेठ महिनासम्म मात्र लागू भएको थियो । सरकारले असार १ देखि आइतबारको बिदा कटौती गरेको छ ।




# बलात्कारपछि बालिका गर्भवती , घटना बाहिरिएपछि फरार

*झापा (प्रस)* । मोरङ मिक्लाजुङका ४४ वर्षीय छविराज चाम्लिङ राईले बलात्कार गरेर एकजना बालिकालाई गर्भवती बनाएको घटना बाहिरिएको छ ।

स्थानीय १४ वर्षीया बालिकालाई राईले ४ महिनाअघि बलात्कार गरेको खुलेको हो। बलात्कारपछि बालिका गर्भवती भएको घटना बाहिरिएसँगै राई फरार बनेका छन्। प्रहरीले उनको खोजी तीव्र पारेको जनाएको छ । बंगुरलाई चारो खोज्न जंगलमा गएका बेलामा राईले २०७८ साल माघ २६ गते बालिकालाई बलात्कार गरेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए । 'डर त्रास देखाएर मार्नेसम्मको धम्की दिँदै बालिकालाई बलात्कार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' उनले भने, 'धम्कीकै कारण लामो समयसम्म घटनालाई बाहिर ल्याउन बालिका डराइछन्।' श्रेष्ठका अनुसार बलात्कारबाट पीडित बालिकाको पेट बढ्दै गएको र दैनिक व्यवहारसमेत परिवर्तन हुन थालेपछि अभिभावकले सोधपुछ गरेका थिए । तर पनि उनले घटनाका बारेमा बताइनन्। 'लामो समयसम्म घटनाका बारेमा कसैलाई पनि नसुनाएको पाइयो । बालिका पढ्नलाई विद्यालय नियमित जाने गर्दिरहिछन्,' उनले भने, 'डरका कारण घटना गुपचुप राखेको पाइयो । सहनै नसक्ने गरी पेट दुखेपछि फकाएर सोधपुछ गर्दा अभिभावकलाई भनिछन्।' अचानक पेट दुख्यो भनेर बालिकाले गत जेठ २६ गते राति अभिभावकलाई सुनाएपछि घटना बाहिरिएको हो। स्वास्थ्य परीक्षण गराउँदा पेटमा ४ महिनाको गर्भ रहेको पत्ता लागेको डीएसपी श्रेष्ठको भनाइ छ । त्यसलगत्तै बालिकाका बुवाले प्रहरीमा किटानी जाहेरी दिएका थिए। घटनाको अनुसन्धान गरिरहेको प्रहरीले बालिकाको पेटमा रहेको गर्भ राईको हो कि हैन भनेर यकिन गर्न डीएनए परीक्षणको प्रक्रिया अघि बढाएको छ । डीएनए परीक्षणका लागि नमूना संकलन गरिएको श्रेष्ठले बताए । बलात्कारमा संलग्न भनिएका राईविरुद्ध जबरजस्ती करणी मुद्दा चलाउन प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ ।

# सवारी दुर्घटनामा एकजनाको मृत्यु

*झापा (प्रस)* ।उदयपुरको त्रियुगा नगरपालिका-१३ स्थित मदन भण्डारी लोकमार्गमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

सोमबार बेलुका सवा ६ बजे बेल्टारबाट गाईघाटतर्फ आउँदै गरेको बा.९ च ३८४६ नम्बरको बोलेरो गाडी अनियन्त्रित भई भित्तामा ठोक्किई दुर्घटना हुँदा बोलेरोमा सवार रहेका त्रियुगा नगरपालिका-१३ पोर्ताका ५२ बर्षीय कुमार बस्नेत घाईते भएका थिए । घाईते बस्नेतको उपचारको क्रममा जिल्ला अस्पताल उदयपुरमा मृत्यु भएको हो । बोलेरो र चालक स्थानीय ३७ बर्षीय ईन्द्र चौधरीलाई जिल्ला प्रहरी कार्यालय उदयपुरले नियन्त्रणमा लिएको र घटना सम्वन्धमा थप अनुसन्धान गरिरहेको छ ।

# आगोबाट जलेर वृद्धाको मृत्यु

*झापा (प्रस)* ।संखुवासभाको चैनपुर नगरपालिका-११ की ८६ बर्षीया मनमाया मगरको आगोले जलेर मृत्यु भएको छ ।

घरमा एक्लै बस्दै आएकी वृद्धाले चुलोमा आगो सल्काउने क्रममा अचानक आफैले लगाएको आगो सल्कन गई जलेर गम्भीर घाईते भएकी थिइन् । घाइते अवस्थामा आफन्तले मंगलबार बिहान ७ बजे फेला पारी उपचारको लागि जिल्ला अस्पताल खाँदबारी ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।


प्रतिदिन PRATIDIN NATIONAL DAILY — वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर — लोकबहादुर कुँवर : ९८४२६८३९९६, द्रोण अधिकारी : ९८४२६२८७९१
दमक — विष्णु सुब्बा : ९८५२६७०१३७, देविबहादुर बस्नेत : ९८१७९२४६२१
मेचीनगर — चारआली : ९८४२७०३०१३, गोबिन्द घिमिरे : ९८१५९५०१५०
उर्लाबारी — रुपेन्द्र शेर्मा : ९८४२०९२४०६, विराटनगर, क्रिएटिभ आई: ०२१-५२५६१८
इलाम, मंगलबारे — रणवीर लिम्बू ९८१६९८४७५७
काकँरभिट्टा — फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
झापा बजार — बरत राजवंशी ९८१७०४९००१


## आजको राशिफल

- **मेष**: गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।
- **वृष**: एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न
- **मिथुन**: शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।
- **कर्कट**: आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।
- **सिंह**: जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ पनि लाग्न सक्नेछ ।
- **कन्या**: इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा
- **तुला**: आज कुनै कुराले मन प्रसन्न रहने र मनमा खुसियाली बढ्नेछ ।
- **वृश्चिक**: आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।
- **धनु**: आज समय मध्यम खालको छ । स्वास्थ्यमा खासै खराबी नआउला ।
- **मकर**: पारिवारिक सद्भाव बढ्नेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्
- **कुम्भ**: आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । अकस्मात् धन सम्पत्ति हात पर्नेछ ।
- **मिन**: आज शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।